

# इस्लाममा मेरो पहिलो दिन

## नयाँ मुस्लिमले जान्नैपर्ने तीन आधारभूत सिद्धान्तहरूको सरल व्याख्या

# इस्लाममा मेरो पहिलो दिन

नयाँ मुस्लिमले जान्नैपर्ने तीन आधारभूत
सिद्धान्तहरूको सरल व्याख्या ।

OsoulCenter

(ح) **جمعية الدعوة والإرشاد وتوعية الجاليات بالربوة ، ١٤٤٦ هـ**

**أصول ، مركز**

يومـي الأول فـي الإسـلام: شـرح مبسـط للأصـول الثلاثـة التـي يجـب علـى المسـلم الجديـد معرفتهـا باللغـة النيباليـة. / مركـز أصـول - ط ١..- الريـاض ، ١٤٤٦ هـ

٥٠ ص ؛ ١٤.٨ x ٢١ سم

**رقم الإيداع: ١٤٤٦/١٩٢٦٦**

**ردمك: ٩٧٨-٦٠٣-٨٥٤٥-٠٥-٨**

مركز أصول
Osoul Center
www.osoulcenter.com

■ यस संस्करणलाई तयार र डिजाइन उसुल सेन्टर (Osoul Center) ले गरेको हो।

■ यस उसुल सेन्टरले संकेत गरेका सन्दर्भहरू, स्रोतहरू र मूल पाठलाई परिवर्तन नगर्ने प्रतिबद्धताका साथ कुनै पनि माध्यमबाट संस्करण छाप्न र प्रकाशित गर्न अनुमति दिन्छ।

■ छपाइको लागि उसुल सेन्टर (Osoul Center) द्वारा अपनाइएका गुणस्तरका मापदण्डहरू पालना गर्नुपर्नेछ।

بسم الله الرحمن الرحيم

अत्यन्तै दयावान् एवम् परम कृपालु अल्लाहको
नामबाट सुरु गर्दछु ।



पहिलो प्रश्नः
तपाईंको रब (प्रतिपालक) को हुनुहुन्छ

13

दोस्रो प्रश्नः
तपाईंको धर्म के हो

21

तेस्रो प्रश्नः
तपाईंको नबी को हुनुहुन्छ

37



# प्रवेश

# इस्लाम नै सत्य धर्म हो

इस्लाम नै सत्य धर्म हो। यस धर्मलाई अल्लाहले सबै मानिसहरूका लागि चयन गर्नुभएको हो। यस बाहेक अन्य कुनैपनि धर्म अल्लाहलाई स्वीकार्य छैन। यस कुराको पुष्टि कुर्आनमा यसरी मिल्छ: "अल्लाहको समक्ष सबैभन्दा प्रिय एवम् स्वीकार्य धर्म नै इस्लाम हो।" (सूरह आले इमरान: ३/ १९) अनि अल्लाहले यो पनि भन्नुभएको छ: "जो मानिसले इस्लाम बाहेक अन्य कुनै धर्मको खोजी गर्नेछ, उसको धर्म कुनै पनि हालतमा स्वीकार गरिने छैन, अनि ऊ परलोकमा घाटामा पर्नेहरू मध्यको हुनेछ।" (सूरह आले इमरान: ३/ ८५)

जसले इस्लाम धर्म स्वीकार गर्छ र त्यसलाई राम्रोसँग पालना गर्छ, उसले प्रकाश एवम् सही मार्गदर्शनको अनुसरण गर्छ। त्यो मार्ग अत्यन्त सीधा र स्पष्ट छ। त्यो मार्गले उसलाई उसको सृष्टिकर्ता तथा जीवनदाता अल्लाहसम्म पुर्याउँछ।

इस्लामले यस संसारमा मानव कल्याण र शान्ति एवम् समृद्धिको व्यवस्था ल्याएको छ। यसको साथसाथै मृत्युपछिको पारलौकिक जीवनमा उसको लागि खुसी र सफलताको ग्यारेन्टी प्रदान गर्दछ। परलोकमा जब अल्लाहले उसलाई स्वर्गमा प्रवेश गराउनुहुनेछ, तब उसले त्यहाँ सधैँ बाँकी रहने उहाँका वरदानहरूको आनन्द उठाउनेछ।

संसार र परलोकको भलाइ प्राप्त गर्नका लागि हरेक मानिसले सत्य धर्म तथा सही मार्गको खोजी गर्नुपर्छ, त्यो सत्य धर्म इस्लाम नै हो। उसले यसको बारेमा सिक्नुपर्छ, जान्नुपर्छ र विश्वास गर्दै यसका नियमहरूको पालना गर्नुपर्छ। ताकि उसले सांसारिक र पारलौकिक भलाइहरू प्राप्त गर्न सकोस्।

# कुनै व्यक्ति कसरी इस्लाममा प्रवेश गर्न सक्छ ?

कुनै पनि व्यक्ति निम्नलिखित दुई कलिमाहरू- (**أَشْهَدُ أَنْ لاَ إِلَهَ إِلاَّ اللَّهُ، وَأَنَّ مُحَمَّدًا رَسُولُ اللَّهِ**) "अश्हदु अल्ला इलाह इल्लल्लाहु, व अन्न मुहम्मदर्-रसूलुल्लाह" (जसको अर्थ हो: म गवाही दिन्छु अल्लाह बाहेक कोही सत्य पूजनीय छैन र म गवाही दिन्छु, मुहम्मद अल्लाहको सन्देश वाहक हुनुहुन्छ ।) भन्ने कुराको अर्थलाई बुझेर हृदयदेखि विश्वास गर्छ र यी कुराहरूको सच्चा मनले मौखिक गवाही दिन्छ भने ऊ इस्लाममा प्रवेश गर्छ । त्यसपछि उसले इस्लामका बाँकी आदेश र नियमहरू सिक्नुपर्छ अनि आफ्नो शक्ति र सामर्थ्यले भ्याएसम्म तिनलाई व्यवहारमा लागु गर्नुपर्छ । उसले जति-जति सिक्दै र व्यवहारमा लागु गर्दै जान्छ, त्यति नै उसको ईमान (आस्था) बढ्दै जान्छ र अल्लाहको समक्ष उसको प्रतिफल तथा पुरस्कार पनि बढ्दै जान्छ ।



(أَشْهَدُ أَنْ لاَ إِلَهَ إِلاَّ اللَّهُ، وَأَنَّ مُحَمَّدًا رَسُولُ اللَّهِ)

## "अश्हदु अल्ला इलाह इल्लल्लाहु, व अन्न मुहम्मदर्-रसूलुल्लाह" को अर्थ:

"अश्हदु अल्ला इलाह इल्लल्लाहु, व अन्न मुहम्मदर्-रसूलुल्लाह" भनेर दुईवटा कुराको गवाही दिएर अवश्य पनि तपाईं इस्लाममा प्रवेश गर्नुभयो, तर के तपाईंलाई थाहा छ यसको वास्तविक अर्थ के हो ?

- पहिलो गवाही: "अश्हदु अल्ला इलाह इल्लल्लाह" को अर्थ हो- पुरै ब्रह्माण्डमा अल्लाह बाहेक कोही पनि सत्य पूज्य ईश्वर छैन भन्ने कुरालाई हृदयदेखि नै आत्मसात् गर्दै विश्वास गर्नु । उहाँ नै वास्तविक उपासना, आराधना, भक्ति र आज्ञा पालनको हकदार हुनुहुन्छ । उहाँ पवित्र एवम् महान् हुनुहुन्छ अनि उहाँ नै पुरै ब्रह्माण्डको सृष्टिकर्ता, सञ्चालक र सम्पूर्ण मामिलाहरूका व्यवस्थापक हुनुहुन्छ ।



■ दोस्रो गवाही: “व अन्न मुहम्मदर्-रसूलुल्लाह” को अर्थ- मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम अल्लाहको भक्त हुनुको साथसाथै सम्पूर्ण मानव जातिका लागि अल्लाहद्वारा पठाइएका अन्तिम सन्देश वाहक हुनुहुन्छ भन्ने कुरालाई हृदयदेखि नै आत्मसात् गर्दै विश्वास गर्नु हो। त्यसपछि उहाँले जुन कुराहरूको आदेश दिनुभयो ती कुराहरूलाई पालना गर्नु, जुन कुराहरूको जानकारी दिनुभयो तिनलाई विश्वास गर्नु र जुन काम-कुराहरू गर्न मनाही गर्नुभयो ती कामहरूबाट बच्नु अनि उहाँले गरे अनुसार वा बताए अनुसार अल्लाहको उपासना गर्नु।

## इस्लाम स्वीकार गरेकोमा तपाईंलाई बधाई छ !

जुन दिन तपाईं इस्लाममा प्रवेश गर्नुभयो, त्यो तपाईंको जीवनको सबैभन्दा उत्तम दिन हो। किनभने मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ: “इस्लामले पहिलेका सबै पापहरूलाई मेटाइदिन्छ।” (मुस्लिम: १२१) भनाइको तात्पर्य- इस्लाम स्वीकार गर्नुभन्दा पहिले तपाईंले जो कुफ्र, शिर्क, खराब काम र पापहरू गर्नुभएको थियो ती सबै अल्लाहले माफ गर्नुभयो, यो अल्लाहको तर्फबाट विशेष कृपा एवम् खुसीको खबर हो। आज तपाईं पापहरूबाट पवित्र हुनुभयो अनि आफ्नो जीवनको नयाँ अध्याय सुरु गर्दै हुनुहुन्छ। आज तपाईं पापहरूबाट त्यसरी नै मुक्त तथा पवित्र हुनुभएको छ, जसरी तपाई आमाको पेटबाट जन्मने बेलामा हुनुहुन्थ्यो। अब तपाईंले एउटा नयाँ जीवन सुरु गर्दै हुनुहुन्छ। जो भलाइले भरिपूर्ण छ, ज्योतिर्मय छ, अनि तपाईंलाई खुसी प्रदान गर्दै समृद्धि एवम् सफलताको मार्गतिर लैजान्छ।

## इस्लामको वरदानको खुसी

यो खुसी धेरै ठूलो खुसी हो, जो तपाईंले इस्लाम स्वीकार गर्दा अनुभव गर्नुभयो, यो खुसी सधैँ तपाईंको साथमा रही रहोस् । अल्लाहले प्रदान गर्नुभएको यो सत्य मार्गको वरदान सबैभन्दा ठूलो वरदान र सबैभन्दा ठूलो उपकार हो । यो हावा, पानी, खानेकुरा, धनदौलत, पद एवम् शानभन्दा पनि धेरै ठूलो वरदान हो । यो संसारका सबै वरदानहरूभन्दा ठूलो वरदान हो । अतः हामी किन खुसी र आनन्दित नहुने ?! यसै सम्बन्धमा अल्लाहले तआलाले भन्नुभएको छ: तपाई भनिदिनुहोस् यो किताब (कुर्आन) अल्लाहको कृपा र उहाँको दयाले प्रदान गरिएको छ तसर्थ यसबाट मानिसहरू प्रसन्न हुनुपर्छ । यो त्यस चीजभन्दा धेरै राम्रो छ जुन तिनीहरूले सम्पत्तिको रूपमा थुपार्छन् । (सूरह यूनुस: १०/ ५८)

अल्लाहले लाखौँ मानिसहरू मध्येबाट तपाईंलाई चुनेर इस्लामको महान् वरदान दिनुभयो, उहाँले तपाईंमाथि गर्नुभएको यस उपकारको अनुभव गर्नुहोस् । किनभने, “अल्लाहले जसको साथमा भलाइ गर्न चाहनुहुन्छ उसको हृदयलाई इस्लामको निम्ति खोलिदिनुहुन्छ ।” (सूरतुल्-अनआम: ६/ १२५)

यस महान् वरदानको लागि धेरै कृतज्ञता एवम् धन्यवाद व्यक्त गर्नुपर्छ । तसर्थ अल्लाहले सत्य धर्मतिर मार्गदर्शन गरेर आफ्नो भक्त बनाउनु भएकोमा तपाईंले उहाँको प्रशंसा गर्नुहोस्, उहाँलाई धेरै स्मरण गर्नुहोस् र धन्यवाद दिनुहोस् ।

## अनिवार्य रूपमा जान्नुपर्ने केही आधारभूत कुराहरू

जब तपाईं इस्लाममा प्रवेश गर्नुहुन्छ तब केही कुराहरूको बारेमा जानकारी राख्नु र सिक्नु तपाईंको लागि अत्यन्तै जरुरी छ । ती कुराहरूमध्ये कब्रमा सोधिने तीन प्रश्नहरूका उत्तर पनि हुन्, जो मृत्युपश्चात् सबै मानिसहरूलाई सोधिन्छ। यी प्रश्नहरूको आधारमा स्वर्गमा जाने वा नर्कमा जाने भन्ने कुरा निर्धारण हुन्छ। ती तीन प्रश्नहरू यस प्रकार छन्:

तपाईंको रब को हुनुहुन्छ ?

तपाईंको धर्म के हो ?

तपाईंका नबी को हुनुहुन्छ ?



## पहिलो प्रश्नः

# तपाईंको रब (प्रतिपालक) को हुनुहुन्छ ?

**उत्तर- मेरो रब (प्रतिपालक) अल्लाह हुनुहुन्छ ।**

मुस्लिमहरूको आस्था छ, अल्लाह नै उनीहरूका रब अर्थात् प्रतिपालक हुनुहुन्छ । उहाँले नै मानव, सम्पूर्ण ब्रह्माण्ड र यसमा भएका सम्पूर्ण चीजहरू सृष्टि गर्नुभएको हो ।

जब हामीले यस विशाल ब्रह्माण्ड, यसका आकाशगङ्गाहरू तथा करोडौँ अरबौँ तारा, ग्रह र उपग्रहहरूको बारेमा सोच्छौं; त्यसैगरी हामी बसोबास गर्ने यस पृथ्वीको बारेमा सोच्छौं, जसमा समतल मैदान, विशाल पहाडहरू, धर्ती, गहिरा समुद्रहरू, नदीहरू, मरुभूमिहरू, जङ्गलहरू लगायत विभिन्न किसिमका अनौठा चीजहरू छन् । त्यसैगरी जब हामीले मानव रचना र संसारमा भएका विभिन्न किसिमका प्राणीहरूको रचनाको बारेमा चिन्तन मनन गर्छौं, तब हाम्रो सोच तथा विश्वास यस्तो नतिजामा पुग्छ जसलाई कहिल्यै नकार्न सकिंदैन । त्यो होः यी सम्पूर्ण चीजहरूलाई सृष्टि गरेर बनाउने अवश्य पनि कुनै महान्, ज्ञानी, शक्तिशाली उत्तम जानकार सृष्टिकर्ता छन् । उनैले यस ब्रह्माण्डलाई बडो अनौठो तरिकाले सृष्टि गरेर व्यवस्थापन गरेका छन् । यी सबै चीजहरू बिना कुनै सृष्टिकर्ता आफै बनेका र आफै व्यवस्थित रूपमा सञ्चालित भएका हुनै सक्दैनन्, यो असम्भव र अविश्वसनीय कुरो हो । यी सबै चीजहरू कुनै सृष्टिकर्ताद्वारा नै सृष्टि गरिएका हुन्, यिनीहरूका कोही सञ्चालक तथा व्यवस्थापक पनि छन्, जसलाई देखेर बुद्धिमान् व्यक्तिहरूका विवेक दङ्ग पर्छन् । यसै कुरालाई अल्लाहले बुद्धिमान् मानिसहरूका लागि स्पष्ट रूपले बयान गर्दै भन्नुभएको छः "के यिनीहरू कसैले सृष्टि नगरी आफै सृष्टि भएका हुन् वा स्वयम् स्रष्टा हुन् ?" (सूरतुत्-तूरः ५२/३५) नत यो ब्रह्माण्डले स्वयम् आफैलाई सृष्टि गरेको हो न कुनै सृष्टिकर्ता बिना सृष्टि भएको हो । किनभने कुनै बुद्धिजीवी व्यक्तिले यस्तो कुरालाई कहिल्यै पनि स्वीकार गर्न सक्दैन ।

## अल्लाह नै उपासनाको हकदार हुनुहुन्छ

अल्लाह नै एकमात्र सत्य पूज्य तथा उपासना एवम् भक्तिको योग्य हुनुहुन्छ, किनभने यस ब्रह्माण्डमा भएका सम्पूर्ण चीजहरूका सृष्टिकर्ता एवम् प्रबन्धक उहाँ नै हुनुहुन्छ, उहाँले नै ती सबैलाई जीविका दिनुहुन्छ । उहाँले नै सबै मानिसहरूलाई सृष्टि गर्नुभएको हो र यस धर्तीमा बसाएर जीवनयापनका स्रोत-साधन प्रदान गर्नुभएको हो । यस कुराको पुष्टि गर्दै अल्लाहले कुर्आनमा भन्नुभएको छ:

"उहाँ अल्लाह नै तिमीहरूका पालनकर्ता (रब) हुनुहुन्छ, उहाँ बाहेक अरू कोही सत्य उपास्य छैन, उहाँ नै प्रत्येक चीजका सृष्टिकर्ता हुनुहुन्छ । तसर्थ तिमी उहाँकै उपासना गर । उहाँ सम्पूर्ण चीजहरूका सञ्चालक तथा संरक्षक हुनुहुन्छ । (सूरतुल्-अनआम: ६/ १०२)

सबै मानिसहरूले अल्लाहको मात्र उपासना गर्नु जरुरी छ, अनि उहाँको उपासनामा अन्य कसैलाई साझेदार गराउनु हुँदैन । किनभने अल्लाहले कुर्आनमा आदेश दिँदै भन्नुभएको छ: "हे मानिसहरू ! आफ्नो पालनकर्ताको उपासना गर; जसले तिमी र तिमीभन्दा पहिलेका मानिसहरूलाई सृष्टि गर्नुभयो, ताकि तिमीहरू सदाचारी बन्न सक ।" (सूरतुल्-बकरह: २/ २१) अर्को ठाउँमा भन्नुभएको छ: "अल्लाहकै उपासना गर र उहाँको साथमा अरू कसैलाई साझेदार नगर ।" (सूरतुन्-निसा: ४/ ३६)



## सबै नबीहरूद्वारा एकेश्वरवादको आह्वान

यी आदेशहरू स्पष्ट भइसकेपछि अल्लाहले आफ्नो अनुग्रह, दया र कृपाले हामीलाई सृष्टि गरेर त्यत्तिकै भौँतारिने गरेर छाड्नुभएन, बरु हामीहरूको मार्गदर्शनको लागि रसूल अथवा सन्देश वाहकहरू पठाउनुभयो र उनीहरूमाथि पवित्र ग्रन्थहरू अवतरित गर्नुभयो। तिनै ग्रन्थहरूले हामीलाई आफ्नो प्रतिपालक अल्लाहको बारेमा बताउँछन् र उहाँतर्फ मार्गदर्शन गर्छन्। यसै कुरालाई पुष्टि गर्दै अल्लाहले भन्नुभएको छ: " (हे मुहम्मद !) हामीले नै तपाईंलाई सत्यको साथ शुभ-सूचक र सचेतक बनाएर पठाएका छौं, अनि कुनै समुदाय यस्तो छैन जसमा कुनै सचेतक पठाइएको नहोस्।" (सूरतु फातिर: ३५/ २४)

सबै मानव जातिका पिता आदम अलैहिस्सलाम लगायत सबै सन्देश वाहकहरू; जस्तै- नूह, इब्राहीम, मूसा, ईसा... इत्यादि सन्देश वाहकहरू अनि अन्तिम नबी तथा सन्देश वाहक मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको पनि ईश्वरीय धारणामा एउटै सिद्धान्त र एउटै आह्वान थियो। त्यो सिद्धान्त र आह्वान हो- सबै मानिसहरूले एकमात्र सत्य ईश्वर अल्लाहमा ईमान राख्नु, उहाँको मात्र उपासना गर्नु, उहाँ बाहेक अन्य पूज्यहरू; जस्तै- मानव, दानव, बोट बिरुवा, ढुङ्गा, सूर्य, चन्द्रमा, तारा इत्यादि चीजहरूको पूजा उपासनाबाट मनाही गर्नु। यसै कुरालाई स्पष्ट पार्दै अल्लाहले भन्नुभएको छ: "हामीले हरेक समुदायमा सन्देश वाहकहरू पठायौं ताकि मानिसहरूले अल्लाहकै उपासना गरुन् र उहाँ बाहेक अन्य समस्त पूज्य तथा उपास्यहरूलाई छोडिदेऊन्।" (सूरतुन्-नहल: ३६/ १६) अर्को ठाउँमा भन्नुभएको छ: "र जुन पनि सन्देश वाहकलाई हामीले तपाईंभन्दा पहिले पठायौं, तिनीहरूतिर यही सन्देश (वह्य) पठायौं कि म (अल्लाह) बाहेक कोही सत्य उपास्य छैन, तसर्थ तिमीहरू सबैले मेरो उपासना गर।" (सूरतुल्-अम्बिया: २१/ २५)

# अल्लाहका नाम र विशेषताहरूको बयान

अल्लाहका नाम र विशेषताहरू अत्यन्तै उच्च एवम् पवित्र छन् । जब हामीले ती नाम र विशेषताहरूको बारेमा जानकारी हासिल गर्नेछौं, तब उहाँको बारेमा सही जानकारी हुनेछ । यसको साथसाथै उहाँप्रतिको माया र डर पनि बढ्नेछ अनि उहाँको अनुग्रह, दया र कृपाप्रति हाम्रो आशा पनि बढ्नेछ । कुर्आनमा भनिएको छ: "उहाँ अल्लाह नै हुनुहुन्छ, उहाँ बाहेक अरू कोही सत्य उपास्य छैन । उहाँका नामहरू धेरै राम्रा छन् ।" (सूरतु ताहा: २०/ ८)

अल्लाहका गुण तथा विशेषताहरू प्रमाणित गर्ने नामहरू धेरै छन् । जस्तै:

- **अर्-रहमान, अर्-रहीम- (अत्यन्त दयालु, अति कृपालु):** पवित्र ग्रन्थ कुर्आनमा छ : "तिमीहरू सबैका उपास्य एक मात्र अल्लाह हुनुहुन्छ । उहाँ बाहेक कोही सत्य उपास्य छैन । उहाँ अर्-रहमान (अत्यन्त दयालु) र अर्-रहीम (अत्यन्त कृपालु) हुनुहुन्छ ।" (सूरतुल्-बकरह: २/ १६३) उहाँको दया व्यापक छ, जसको महानता र व्यापकताले सबै वस्तुहरू र सबै प्राणीहरूलाई समेटेको छ । उहाँको दया यस संसारमा सबै मानव र प्राणीमा छाएको छ; चाहे त्यो मुस्लिम होस् वा गैर मुस्लिम होस् वा सृष्टिको कुनैपनि प्राणी किन नहोस् । यसको पुष्टि गर्दै अल्लाहले भन्नुभएको छ: "मेरो दयाले हरेक वस्तुलाई समेटेको छ ।" (सूरतुल्-आराफ : ७/१५६) उहाँले नै सबैलाई जीविका प्रदान गर्नुहुन्छ, उनीहरूलाई स्वास्थ्य, खाना, सन्तान इत्यादि प्रदान गर्नुहुन्छ । परलोकमा उहाँको दया भने मोमिन (आस्थावान्) हरूका लागि मात्र हुनेछ, ती मोमिनहरू- जसले उहाँमाथि आस्था राख्दै उहाँका नबी तथा रसूलहरूको अनुसरण गरेका हुनेछन् । यिनै मानिसहरूको लागि स्थायी खुसीसम्म पुर्याउने परिपूर्ण दया हुनेछ ।

- **"अल्-ख़ालिक" (सृष्टिकर्ता): पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ:** "अल्लाह सम्पूर्ण चीजहरूका सृष्टिकर्ता हुनुहुन्छ ।" (सूरतुज्-जुमर: ३९/ ६२) उहाँले नै आकाशहरू, धर्ती र यी दुबै बीच जो चीजहरू छन्, ती सबैलाई सृष्टि गर्नुभएको हो । सानोभन्दा सानो कणदेखि ठूला-ठूला तारा, आकाशगङ्गा र त्यसभन्दा ठूला चीजहरूलाई पनि उहाँले नै सृष्टि गर्नुभएको हो । ती सबैलाई आफ्नो ज्ञान, क्षमता एवम् शक्तिअनुसार अत्यन्त सुव्यवस्थित तथा उचित तरिकाले बनाउनुभएको हो । त्यसैले उहाँको सृष्टिमा कुनै पनि किसिमको कमी-कमजोरी वा असन्तुलन छैन ।

- **"अल्-गफ़ूर" (अत्याधिक क्षमा गर्नेवाला):** उहाँले सच्चा मनले तौबा (क्षमायाचना) गर्ने व्यक्तिका सबै पापहरू माफ गर्नुहुन्छ, चाहे उसको विगतको मामिला जस्तोसुकै किन नहोस् । कहिलेकाहीँ त उहाँले उपासनामा उहाँको साथ अन्य कसैलाई साझेदार (शिर्क) नगरेका कैयौँ व्यक्तिहरूलाई आफ्नो असीम कृपाद्वारा एकसाथ माफ गर्नुहुन्छ । तर उहाँले शिर्क (साझेदार) गर्ने व्यक्तिले तौबा नगरेसम्म उसलाई माफ गर्नुहुन्न । अल्लाहले आफ्नो सृष्टिका सबै मानिसहरूका लागि ईमान, तौबा, क्षमायाचना, सत्कर्म तथा अन्य प्राणीहरूको साथमा राम्रो व्यवहार गरेर पापहरू क्षमा गराउने ढोका खुला राख्नुभएको छ । यस कुराको पुष्टि गर्दै भन्नुभएको छ: "जसले तौबा (क्षमायाचना) गर्यो र ईमान ल्यायो अनि असल कर्म गर्यो त्यसपछि असल मार्गमा हिँड्दै रहयो, त्यसको लागि निश्चय नै म अत्यन्त क्षमाशील छु ।" (सूरतु-ताहा :२०/ ८२)

- **"अर्-रज्जाक" (अन्नदाता):** अल्लाह पवित्र, उच्च एवम् सम्पूर्ण जगतका बादशाह हुनुहुन्छ । सम्पूर्ण चीजहरूका चाबीहरू उहाँकै हातमा छन् । उहाँ निरपेक्ष (आत्मनिर्भर) तथा सम्पन्नशाली हुनुहुन्छ । उहाँले उपकार गरेर आफ्नो सृष्टिका प्राणीहरूमध्ये जसलाई जति चाहनुहुन्छ दिनुहुन्छ । सम्पूर्ण जगतका प्राणी एवम् वस्तुहरूका अन्नदाता उहाँ नै हुनुहुन्छ । यसै सम्बन्धमा अल्लाहले भन्नुभएको छ: मैले जिन्न र मानिसहरूलाई यसकारण मात्र सृष्टि गरेको छु ताकि उनीहरूले मेरो उपासना गरुन् । म उनीहरूबाट जीविका चाहन्न र न यो चाहन्छु कि मलाई खुवाउन् । निःसन्देह अल्लाह स्वयम् जीविका प्रदान गर्नेवाला अति शक्तिशाली एवम् बलवान् हुनुहुन्छ । (सूरतु जारियात: ५१/ ५६-५८)

- **"अल्-सलाम" (शान्ति वाला):** अल्लाह सबै किसिमका कमी-कमजोरी तथा अपूर्णताबाट पवित्र हुनुहुन्छ । उहाँकै लागि पूर्णता, महिमा र सुन्दरताका विशेषताहरू छन् । उहाँले आफ्ना भक्तहरूको तर्फबाट कुरा र कामद्वारा सलामलाई सार्वजनिक गर्न मन पराउनुहुन्छ । उहाँको यस विशेषता लगायत अन्य विशेषताहरूबारे कुर्आनले यसरी स्पष्ट पारेको छ: उहाँ अल्लाह नै हुनुहुन्छ, जस बाहेक कोही वास्तविक उपासनाको लायक छैन । उहाँ सम्राट हुनुहुन्छ, अत्यन्त पवित्र सबै दुर्गुणबाट मुक्त, अनि सलाम (शान्तिदाता) हुनुहुन्छ । (सूरतुल्-हश्र: ५९/ २३)



- **"अल्-अलीम" (सम्पूर्ण विषयहरूका ज्ञाता, सर्वज्ञानी):** 'अल्लाह 'अल्-समीअ' (सम्पूर्ण कुराहरू सुन्ने सर्व-श्रोता), 'अल्-बसीर' (सम्पूर्ण चीजहरूलाई देख्ने सर्व-द्रष्टा), 'अल्-अलीम' (सम्पूर्ण कुराहरूका जानकार, सर्व-ज्ञानी) हुनुहुन्छ । सम्पूर्ण वस्तुहरू उहाँको ज्ञानको दायरामा छन् । उहाँ दृश्य र अदृश्य सबै चीजहरूका ज्ञाता एवम् सबै प्राणीहरूका हृदयमा लुकेका सबै कुराहरूका जानकार हुनुहुन्छ । उहाँ वर्तमानकालमा भइरहेका, विगतमा भइसकेका र भविष्यमा हुने सबै घटनाहरूका जानकार हुनुहुन्छ । उहाँ 'रकीब' (सबैका कामका लेखाजोखा राख्ने, निरीक्षक) हुनुहुन्छ । उहाँबाट नत आज्ञापालक भक्तहरूका कर्महरू लुप्त छन्, न पापीहरूका पाप लुप्त छन् । उहाँलाई नत दुर्बलहरूको आवश्यकता छ, न उपासकहरूको आवाजको आवश्यकता छ । पवित्र ग्रन्थ कुर्आनले उहाँको यस विशेषतालाई यसरी बयान गरेको छ: "निस्सन्देह, अल्लाह सम्पूर्ण वस्तुहरूका जानकार हुनुहुन्छ ।" (सूरतुल्-बकरह: २/ २३१)

उहाँ सम्पूर्ण जगतका प्रतिपालक एवम् पवित्र हुनुहुन्छ, उहाँले प्रत्येक वस्तुलाई सटीक एवम् उत्तम तरिकाले सृष्टि गर्नुभएको छ । यस ब्रह्माण्डका सबै सुन्दरता एवम् पूर्णता अल्लाहको पूर्णताका निसानीहरू मध्येका हुन् ।





## दोस्रो प्रश्न:

## तपाईंको धर्म के हो ?

**उत्तर- मेरो धर्म इस्लाम हो ।**

इस्लाम: इस्लाम भनेको तौहीद (एकमात्र अल्लाहको उपासना) को माध्यमद्वारा अल्लाह समक्ष आत्मसमर्पण गर्नु, उहाँका आज्ञाहरू पालन गर्दै उहाँप्रति समर्पित हुनु र शिर्क (बहुदेववाद) बाट अलग रहनु हो ।

- मुस्लिम: मुस्लिम त्यो व्यक्ति हो, जसले इस्लाम धर्मलाई ग्रहण गर्छ, आफ्ना मामिलाहरू अल्लाहप्रति समर्पण गर्छ, अल्लाहको अस्तित्व र एकत्वलाई स्वीकार गर्छ अनि उहाँका आदेशहरूको पालना गर्छ र उहाँले मनाही गरेका कार्यहरूबाट बच्छ । यसै कुरालाई पुष्टि गर्दै अल्लाहले भन्नुभएको छ: त्यो मानिसको भन्दा राम्रो कसको धर्म हुनसक्छ जसले अल्लाहको आदेश स्वीकार गर्छ र सत्कर्म पनि गर्छ अनि साथसाथै इब्राहीम (अलैहिस्सलाम) को धर्मको पनि अनुसरण गर्छ; जो एकेश्वरवादी थिए ? (सूरतुन्-निसा: ४/ १२५) अर्को ठाउँमा भन्नुभएको छ: “अनि त्यस व्यक्तिको भन्दा राम्रो कुरा कसको हुनसक्छ जसले अल्लाहतिर बोलाउँछ अनि असल कर्म गर्छ र भन्छ: निस्सन्देह म मुस्लिम (आज्ञाकारी) हुँ ।” (सूरह फुस्सिलत: ४१/ ३३)



## इस्लाम धर्मका विशेषताहरू

- इस्लाम न्यायको धर्म तथा जीवन व्यवस्था हो: इस्लामले नजिकका नातेदार, टाढाका नातेदार, साथी, शत्रु, मुस्लिम, गैर मुस्लिम सबैको साथमा न्याय गर्ने आदेश दिन्छ। किनभने अल्लाहले नै न्याय गर्ने आदेश दिनुभएको छ; कुर्आनमा भनिएको छः "अल्लाहले न्याय गर्ने आदेश दिनुहुन्छ ।" (सूरतन्-नहल: १६/ ९०) अल्लाह नै आदेश पारित गर्ने र न्याय गर्नेवाला हुनुहुन्छ। उहाँको पासमा कसैलाई अन्याय तथा अत्याचार गरिने छैन । उहाँले कयामत (हिसाबकिताब) को दिनको बारेमा भन्नुभएको छ: "आज प्रत्येक व्यक्तिलाई उसको कर्मको प्रतिफल दिइनेछ । आज कुनै पनि किसिमको अन्याय हुनेछैन ।" (सूरतुल्-गाफिर: ४०/ १७)

- इस्लाम दयाको धर्म तथा जीवन व्यवस्था हो: अल्लाहले भन्नुभएको छ: "(हे नबी!) हामीले तपाईंलाई सम्पूर्ण जगतका लागि दया बनाएर पठाएका छौं ।" (सूरतुल्-अम्बिया: २१/ १०७) अल्लाहको नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ: "दया गर्नेहरूमाथि रहमान (अल्लाह) ले दया गर्नुहुन्छ, तिमीले पृथ्वीमा रहेकाहरूमाथि दया गर, आकाशमा रहनेले तिमीहरूमाथि दया गर्नुहुनेछ ।" (अबू-दाऊद: ४९४१)

- इस्लाम माया, आत्मीयता र एकताको धर्म तथा जीवन व्यवस्था हो: अल्लाहको नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छः "तिमीहरूमध्ये कोही पनि त्यस बेलासम्म मोमिन (आस्थावान्) हुन सक्दैन, जबसम्म उसले आफ्नो भाइको लागि पनि त्यही कुरा मन पराउँदैन जुन कुरा उसले आफ्नो लागि मन पराउँछ ।" (बुखारी: १३)



- इस्लाम सहजताको धर्म तथा जीवन व्यवस्था हो: इस्लामको शिक्षामा सहजता र सरलता छ, अनि यसमा कठिनाइहरूलाई हटाउने कुराहरू पनि समावेश छन् । यसका शिक्षाहरूबाट अवगत सबै व्यक्तिहरूलाई यस वास्तविकताको जानकारी छ । कुर्आनमा भनिएको छः "अल्लाहले तिमीहरूको साथमा सरलता चाहनुहुन्छ, कठोरता चाहनुहुन्न ।" (सूरतुल्-बकरहः २/ १८५) अर्को ठाउँमा छः "अल्लाहले तिमीहरूलाई कठिनाइमा पार्न चाहनुहुन्न ।" (सूरतुल्-मायदाः ६/६) अर्को ठाउँमा छः "अल्लाहले कुनैपनि प्राणीमाथि उसको क्षमताभन्दा बढी बोझ (दायित्व) राख्नुहुन्न ।" (सूरतुल्-बकरहः २/ २८६)

- इस्लाम ज्ञानको धर्म तथा जीवन व्यवस्था हो : कुर्आनको सबैभन्दा पहिले अवतरण भएको आयतले नै शिक्षामा जोड दिएको छ । त्यो हो: "आफ्नो त्यस पालन कर्ताको नाम लिएर पढ, जसले तिमीलाई सृष्टि गर्नुभयो ।" (सूरतुल्-अलकः ९६/१) इस्लामले प्रत्येक मुस्लिम पुरुष र महिलालाई धेरैभन्दा धेरै ज्ञान हासिल गर्न प्रोत्साहित गरेको छ । अल्लाहले कुर्आनमा भन्नुभएको छः "तिमीले भन, हे मेरो रब (पालन कर्ता) मेरो ज्ञानलाई बढाइ दिनुहोस् ।" (सूरतु-ताहाः २०/ ११४) शिक्षा प्राप्त गर्नेहरूका लागि उच्च स्थान तथा सम्मान छ । अल्लाहले भन्नुभएको छः "अल्लाहले तिमीहरूमध्ये जसले ईमान ल्याएका छन् र जसलाई ज्ञान प्रदान गरिएको छ, तिनीहरूका दर्जा उच्च गर्नुहुन्छ ।" (सूरतुल्-मुजादलाः ५८/ ११)

## इस्लाम धर्मको विश्वव्यापीता

- इस्लाम विश्वव्यापी धर्म हो। यो कुनै स्थान विशेष, जाति विशेष, समुदाय विशेष वा भूगोल विशेषको धर्म होइन। यो अरब-बासीहरूको मात्र धर्म पनि होइन, बरु यो सम्पूर्ण मानिसहरूको धर्म हो। अल्लाहले पवित्र ग्रन्थ कुर्आनमा नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई सम्बोधन गर्दै भन्नुभएको छः भनिदिनुहोस्ः हे मानिसहरू ! म तिमीहरू सबैका लागि त्यस अल्लाहको तर्फबाट पठाइएको रसूल (सन्देश वाहक) हुँ, जो आकाशहरू र धर्तीका राज्यहरूका मालिक हुनुहुन्छ। उहाँ बाहेक कोही सत्य उपास्य छैन, उहाँले नै जीवन प्रदान गर्नुहुन्छ र उहाँले नै मृत्यु दिनुहुन्छ। तसर्थ अल्लाहमाथि ईमान ल्याऊ र उहाँको नबी उम्मी (पढ्न लेख्न नजान्ने) मा पनि, जो स्वयम् महान् अल्लाहमाथि र उहाँको आदेशमा ईमान राख्नुहुन्छ, उहाँको अनुसरण गर; ताकि तिमीले (सही) मार्ग पाउन सक।" (सूरतुल्-आराफः ७/ १५८)

- इस्लाम विगतको कुनै युग वा विशेष समयको लागि मात्र विशिष्ट छैन, बरु यो मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई नबी बनाएको समयदेखि महाप्रलयको दिनसम्मको लागि सत्य र परिपूर्ण धर्म हो । अल्लाहले भन्नुभएको छः "जुन मानिसले इस्लाम बाहेक कुनै अन्य धर्मलाई अपनाउँछ, उसको धर्मलाई कदापि स्वीकार गरिने छैन अनि ऊ परलोकमा घाटामा पर्नेहरू मध्येको हुनेछ ।" (सूरह-आले इमरानः ३/ ८५)

## इस्लाम धर्मको व्यापकता

- इस्लाम; मुस्लिम व्यक्ति, मुस्लिम समाज र मुस्लिम समुदायका लागि परिपूर्ण जीवन व्यवस्था हो; चाहे त्यो व्यक्तिगत, सामाजिक, आर्थिक र राजनीतिक जुनसुकै पक्ष किन नहोस् ।

- इस्लाम अकीदा (आस्था) तथा शरिअत (धार्मिक विधान) पनि हो । यसमा सही आस्था, महान् उपासना, सही मामिला, उच्च आचरण र अनुशासित व्यवहार आदि समावेश छन् ।

- इस्लामका शिक्षा र नियमहरूले मानिसलाई उसको प्रतिपालकसँगको सम्बन्ध, स्वयम् आफूसँगको सम्बन्ध, अन्य मानिसहरूसँगको सम्बन्ध, अनि जनावरहरू र निर्जीव वस्तुहरूसँगको सम्बन्धलाई पनि बलियो बनाउँछ ।

- इस्लामका शिक्षाहरू शरीर र आत्मा दुबैका भलाइसँग सम्बन्धित छन् ।

**संक्षेपमा भनौं भने इस्लामले मानिसहरूका लागि यसलोक र परलोकमा भलाइ, उत्तम कुराहरू र खुसीको उपहार ल्याएको छ ।**

# इस्लामी आस्थाका आधारहरू

## ईमानका अर्कान:

इस्लामी आस्था (ईमान) का आधारहरू ६ वटा कुराहरूमा दृढ विश्वास र सत्यतामा आधारित छन्, जसलाई "अर्कानुल् ईमान" अथवा ईमानका आधारहरू भनिन्छ। ती निम्नलिखित छन्:

१. **अल्लाहमाथि ईमान:** अल्लाहमाथि ईमान भनेको अल्लाहको अस्तित्वमा विश्वास गर्नु, अनि उहाँ नै सम्पूर्ण ब्रह्माण्डका र यस भित्र भएका सबै चीजहरूका सृष्टिकर्ता, मालिक र व्यवस्थापक हुनुहुन्छ। उहाँ मात्र उपासना तथा भक्तिको योग्य हुनुहुन्छ, उहाँ एक्लो हुनुहुन्छ र उहाँको कोही साझेदार छैन। उहाँ सुन्दरता र महिमा (जमाल र जलाल) जस्ता विशेषता युक्त हुनुहुन्छ। उहाँ परिपूर्ण हुनुहुन्छ र सबै किसिमका अवगुण, दोष एवम् कमी कमजोरीबाट पवित्र तथा मुक्त हुनुहुन्छ र उहाँ जस्तो कोही छैन भन्ने कुरामा पूर्ण विश्वास गर्नु हो।

२. **फरिश्ताहरूमाथि ईमान:** फरिश्ताहरू सर्वशक्तिमान् अल्लाहका सृष्टि हुन्। अल्लाहले उनीहरूलाई आफ्नो उपासनाको लागि सृष्टि गर्नुभएको हो, त्यसैगरी उहाँका आदेशहरूको पूर्ण अनुसरण तथा आज्ञापालन गर्न र जुन-जुन कामहरू सुम्पनुभएको छ ती सबैलाई पूरा गर्नको लागि उनीहरूलाई सृष्टि गर्नुभएको हो। हामीले उनीहरूको अस्तित्वमा विश्वास



गर्छौं; अनि जस-जसको नाम, गुण र कार्यहरूको बारेमा कुर्आन र हदीसहरूमा विस्तृत रूपमा बताइएको छ, ती सबै कुराहरूमा हामीले पूर्ण विश्वास गर्छौं । जस्तैः जिब्रील, मिकाईल, इस्राफील, मलकुल्-मौत, मालिक, इत्यादि । जिब्रीललाई अल्लाहले नबीहरूको पासमा आफ्नो सन्देश पुर्याउने सन्देश वाहकको जिम्मेदारी सुम्पिनुभएको छ, मिकाईललाई वर्षा गराउने र बोट-बिरुवाहरूको जिम्मेदारी, इस्राफीललाई सूर फुँक्ने जिम्मेदारी, मलकुल-मौतलाई प्राणीहरूको प्राण निकाल्ने जिम्मेदारी र मालिकलाई नर्कको पाले तथा रेखदेखको जिम्मेदारी सुम्पिनुभएको छ ।

३. **किताबहरूमाथि ईमानः** किताबहरू भन्नाले ती ग्रन्थहरू हुन्, जुन अल्लाहले आफ्ना रसूलहरूमाथि अवतरण गर्नुभएको थियो । आफ्नो सृष्टिमाथि दया गरेर उनीहरूलाई सही मार्गदर्शन गर्नको लागि किताबहरू अवतरण गर्नुभएको हो, ताकि उनीहरूले सांसारिक र पारलौकिक सफलता एवम् खुसी प्राप्त गर्न सकुन् । जुन ग्रन्थहरूका नाम हामीलाई थाहा छैन तिनीहरूको बारेमा संक्षिप्त रूपमा विश्वास गर्छौं र जुन ग्रन्थहरूको नाम हामीलाई कुर्आन र हदीसहरूबाट जानकारी भएको छ र जे-जति कुराहरू जानकारी भएको छ तिनीहरूको बारेमा विस्तार पूर्वक विश्वास गर्छौं । जस्तै- कुर्आन अन्तिम सन्देश वाहक मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि अवतरित भयो, इन्जील ईसा अलैहिस्सलाममाथि अवतरित भयो, तौरात मूसा अलैहिस्सलाममाथि अवतरित भयो र जबूर दाऊद अलैहिस्सलाममाथि अवतरित भयो, अनि इब्राहीम अलैहिस्सलामलाई सहीफा प्रदान गरिएको थियो । कुर्आन बाहेक उपर्युक्त सबै ग्रन्थहरू त्यस समयका मानिसहरूका लागि अवतरित गरिएका थिए भने कुर्आन सम्पूर्ण मानव जातीको मार्गदर्शनको लागि अवतरण गरिएको हो । कुर्आनपछि अब कुनैपनि ग्रन्थ अवतरण हुनेछैन ।

४. **रसूलहरूमाथि ईमानः** रसूल तथा नबीहरू सबै मानव नै थिए। अल्लाहले विभिन्न समयमा विभिन्न स्थानका विशेष व्यक्तिलाई चुनेर ती चुनिएका व्यक्तिहरूलाई आफ्नो सन्देश वाहक बनाई वह्य (ईशवाणी) अवतरित गर्नुभयो। ताकि उनीहरूले अल्लाहको सन्देश तथा सत्य धर्मलाई आफ्ना समुदायका मानिसहरू समक्ष पुर्याउन। ती नबीहरूमध्ये नूह अलैहिस्सलाम सबैभन्दा पहिलो रसूल एवम् नबी हुनुहुन्छ भने मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम सबैभन्दा अन्तिम रसूल एवम् हुनुहुन्छ। उहाँहरू सबै जना धर्म तथा चरित्रको मामिलामा उत्तम हुनुहुन्थ्यो। उहाँहरूलाई पठाउनुको उद्देश्य मानिसहरूलाई एकमात्र अल्लाहको उपासनातर्फ बोलाउनु, अल्लाह बाहेक अरूको उपासना गर्न मनाही गर्नु र उहाँको साथमा अरूलाई साझेदार गराउन मनाही गर्नु, अनि भलाइका कामहरू गर्नु र खराब कामहरूलाई छोड्न लगाउनु थियो। हामीले यस कुरामा ईमान राख्छौं कि अल्लाहले मानिसहरू मध्येबाट रसूलहरू पठाउनुभयो अर्थात् चयन गर्नुभयो र उहाँले आफ्ना भक्तहरूलाई उनीहरूले बताएका कुराहरूमा विश्वास गर्न र उनीहरूले दिएका आदेशहरूलाई पालना तथा अनुसरण गर्न अनिवार्य गर्नुभयो। अल्लाहले हामीलाई तिनीहरूमध्ये केहीका नाम, समुदायहरू तिनीहरूको कथाहरूको बारेमा जानकारी दिनुभएको छ। जस्तैः इद्रीस, नूह, इब्राहीम, मूसा, ईसा, हूद, सालेह, शुऐब, इत्यादि, उहाँहरू सबैमाथि अल्लाहको दया र शान्ति होस्। अल्लाहले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई सम्बोधन गर्दै भन्नुभएको छः "हामीले तपाईंभन्दा पहिले पनि धेरै सन्देश वाहकहरू (रसूलहरू) पठायौं। उनीहरूमध्ये त केहीका वृत्तान्त हामीले तपाईंलाई बताएका छौं र केही यस्ता छन् जसका वृत्तान्त हामीले तपाईंलाई बताएका छैनौं र अल्लाहको अनुमति बिना कुनै पनि रसूलमा कुनै आयत (चमत्कार) ल्याउन सक्ने क्षमता थिएन। अनि जब अल्लाहको आदेश आइपुग्नेछ त निर्णय गरिने छ। त्यहाँ झूटाहरू घाटामा पर्नेछन्।" (सूरतु गाफिरः ४०/ ७८)



५. **कयामतको दिनमाथि ईमान:** यो महाप्रलय अर्थात् पुनरुत्थानको दिन हो, जुन दिन अल्लाहले मानिसहरूलाई यस संसारमा तिनीहरूले गरेका कर्महरूको हिसाब गर्न र प्रतिफल निर्धारण गर्न उठाउनुहुनेछ। त्यहाँ मानिसहरू दुई समूहमा विभाजन हुनेछन्। एउटा ईमानवाला (आस्थावान्) हरूको समूह, जसको निवास स्वर्ग हुनेछ, त्यहाँ तिनीहरू सधैँ रहनेछन् र अर्को काफिर (अनास्थावान् तथा अवज्ञाकारी) हरूको समूह जसको वासस्थान नरक हुनेछ, तिनीहरू त्यहाँ सधैँ रहनेछन्। तिनीहरू बाहेक, जसले आस्थावान् भएर पनि पापहरू गरे, अल्लाहले तिनीहरूलाई या त माफ गर्नुहुनेछ या केही समयको लागि सजाय दिनुहुनेछ र त्यसपछि स्वर्गमा प्रवेश गराउनुहुनेछ।

६. **राम्रो र नराम्रो भाग्यमाथि ईमान:** मुस्लिमहरूले विश्वास गर्छन्- अल्लाहले वर्तमान भूत र भविष्यका सबै कुराहरू जान्नुहुन्छ। अल्लाह तआलाले सबै प्राणीहरूको भाग्य लेख्नुभएको छ, उनीहरूलाई के चाहिन्छ र के हुनेछ भन्ने कुरा सबै निर्धारण गर्नुभएको छ। यस संसारमा जे पनि हुन्छ त्यो अल्लाहले लेखेको, चाहेको र सृजना गरेको आधारमा हुन्छ। उहाँलाई त्यसको बारेमा सबै थाहा छ। यदि केही राम्रो हुन्छ भने अल्लाहको कृपाले हुन्छ र केही नराम्रो हुन्छ भने त्यो उहाँको तर्फबाट परीक्षा वा सजाय हुनसक्छ। यो सबै अल्लाहको हिक्मत र न्यायको कारणले हुन्छ। उहाँको हिक्मत (तत्वज्ञान) यति महान् छ कि कुनैपनि मानिसले त्यसलाई पूर्ण रूपमा जान्नै सक्दैन। जब मानिसले आफ्नो भाग्यमा भएको राम्रो वा नराम्रो प्रतिफलमा विश्वास गर्दछ, तब उसको मन र आत्माले शान्ति पाउँछ। उसले आफ्ना सबै कुराहरू अल्लाहको हातमा सुम्पिन्छ, किनभने उसले बुझेको हुन्छ कि सबै कुरा अल्लाहकै अधिनमा छ। उहाँले जे चाहनुहुन्छ, त्यो हुन्छ र जे चाहनुहुन्न, त्यो हुँदैन।





## इस्लामका अर्कान (आधारहरू)

इस्लामका अर्कान अर्थात् आधारहरू ती हुन् जसमा यो धर्म अडेको छ । तिनलाई प्रत्येक मुस्लिमले पालना गर्नु नै पर्छ । ती आधारहरू पाँचवटा छन्:

१. **"अश्हदु अल्ला इलाह इल्लल्लाहु, व अन्न मुहम्मदर्-रसूलुल्लाह" भनी गवाही दिनु:** यो त्यस्तो गवाही हो जसलाई बुझेर हृदयले स्वीकार गर्नुपर्छ र मुखले उच्चारण गर्नुपर्छ। यसको अर्थ हो- अल्लाह मात्र वास्तविक उपासनाको लायक हुनुहुन्छ, उहाँको कोही साझेदार छैन र मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम अल्लाहको सन्देश वाहक हुनुहुन्छ ।

२. **नमाज कायम गर्नु:** दिन र रातमा गरी पाँचवटा नमाज पढ्नुपर्छ। नमाजमा उभिने (कयाम गर्ने), झुक्ने (रुकूअ गर्ने) र दण्डवत् (सज्दा गर्ने) आदि मुख्य कार्यहरू गरिन्छ। यो सबै अल्लाहको महिमाको लागि गरिन्छ। नमाजका अलग-अलग नामहरू छन्; जस्तै: फज्र, जुहर, अस्र, मग्रिब र इशा । यी बाहेक अरू पनि नमाज छन्, तर ती अनिवार्य छैनन् बरु ऐच्छिक हुन् ।

३. **जकात दिनु:** धनी मानिसहरूले आफ्नो सम्पत्ति निश्चित पैमानासम्म पुगेपछि त्यसबाट तोकिएको मात्रामा सानो भाग निकालेर गरिब, असहाय, माग्नेहरू र अन्य जकातका हकदारहरूलाई दिनुपर्छ।



४. **रमजानको रोजा राख्नु:** रमजान महिनामा फज्रको समयदेखि सूर्यास्तसम्म खाने, पिउने र यौन सम्बन्ध आदि लगायत रोजालाई तोड्ने अन्य काम कुराहरूबाट रुक्नुलाई रोजा (सौम) भनिन्छ। यो कार्य पुरै रमजान महिनाभरी अल्लाहको लागि गरिन्छ।

५. **बैतुल्लाहको हज गर्नु:** शारीरिक, आर्थिक र मानसिक रूपले सक्षम मुस्लिम व्यक्तिले जीवनमा कम्तीमा पनि एकपल्ट मक्कामा गएर हज गर्नुपर्छ।



## इस्लाममा इबादत (उपासना)

**इबादतः** इबादत भनेको अल्लाह तआलाको तौहीद (एकेश्वरवाद) लाई जानेर स्वीकार गर्दै, उहाँले चाहने र मन पराउने प्रत्येक काम र कुराद्वारा उहाँको निकटता चाहनु हो, चाहे त्यो जाहिरी (देखिने) होस् वा बातिनी (नदेखिने) ।

- **कुराहरू अर्थात् मौखिक कार्यहरूः** जस्तै- कुर्आन पढ्नु, दुआ गर्नु, अल्लाहको जिक्र (स्तुति) गर्नु, अरूलाई लाभदायक कुराहरू सिकाउनु, भलाइका कुराहरू गर्नु, इत्यादि ।
- **कामहरूः जस्तैः** पवित्र हुनु, नमाज पढ्नु, हज गर्नु, आवश्यकतामा परेका मानिसहरूको आवश्यकता पुरा गर्नु, इत्यादि ।
- **जाहिरी (देखिने) कार्यहरूः** यसको तात्पर्य आँखाले देखिने कार्यहरू हुन्, जसलाई गरेको देखिन्छ र सुनिन्छ । जस्तैः नमाज, हज, कुर्आनको वाचन, मानिसहरूलाई अल्लाहतिर आह्वान गर्नु, नातेदारहरूलाई सहयोग गर्नु र उनीहरूको ख्याल गर्नु, इत्यादि ।
- **बातिनी (नदेखिने) कार्यहरूः** यो त्यस्तो कार्य हो जसको स्थान हृदयमा हुन्छ । जस्तैः अल्लाहलाई माया गर्नु, उहाँसँग आशा गर्नु, उहाँसँग डराउनु, उहाँप्रति श्रद्धा, भक्ति एवम् भरोसा गर्नु, इत्यादि ।



## इस्लाममा इबादत (उपासना) को महत्त्व

अल्लाह तआलाको उपासना नै मानव सृष्टिको उद्देश्य हो । अल्लाहले भन्नुभएको छः "मैले जिन्न र मानवलाई मेरो उपासनाको लागि मात्र सृष्टि गरेको हुँ ।" (सूरतुज्-जारियातः ५१/ ५६)

मानिसको जीवन र आत्मामा धेरै प्रभाव पार्ने महान् उद्देश्यहरू र फाइदाहरूको लागि इबादतको व्यवस्था गरिएको छ। इबादतका फाइदाहरूमध्ये एउटा यो पनि हो कि यसले आत्मालाई शुद्ध पार्दछ र सफा गर्दछ अनि मानवलाई पूर्णताको उच्च स्तरमा पुर्याउँछ।

मानिसलाई इबादत (उपासना) को सबैभन्दा बढी आवश्यकता छ। जसरी उसको शरीरलाई खाना र पानीको आवश्यकता हुन्छ, त्यसरी नै उसको हृदय र आत्मालाई पनि उपासनाद्वारा अल्लाहतिर ध्यानाकर्षण गर्नु आवश्यक छ। अल्लाहसँगको निकटता र असल सम्बन्ध अर्थात् उहाँको उपासना र स्मरणले मात्र आत्मिक सन्तुष्टि, हृदयको खुसी र मुटुमा शान्ति मिल्न सक्छ। साँचो उपासना गर्नेहरू सबैभन्दा सुखी मानिसहरू हुन् र तिनीहरूका छातीहरू सबैभन्दा फराकिला हुन्छन्। जसले जीवनमा आनन्द र खुसीयाली चाहन्छ, उसले अल्लाहको उपासना तथा भक्तिको ढोकालाई मात्रै समात्नुपर्छ।



## इस्लाममा इबादतको व्यापकता

इस्लाममा इबादत (उपासना) ले ती सबै असल कार्यहरूलाई समावेश गर्दछ, जुन अल्लाहलाई मनपर्छ र जसलाई गरेर हामीले उहाँको निकटता प्राप्त गर्दछौं। यसमा निम्न कुराहरू समावेश छन्:

- इबादतका विभिन्न कार्यहरू: जस्तै- नमाज, जकात, रोजा, हज, कुर्आन पढ्नु, दुआ गर्नु, अल्लाहको जिक्र अर्थात् स्मरण गर्नु, इत्यादि।
- असल व्यवहार: जस्तै- आमा बुवाको सेवा गर्नु, आफन्तहरूसँग राम्रो सम्बन्ध राख्नु, पत्नी र बच्चाहरूसँग राम्रो व्यवहार गर्नु, किनबेचमा इमानदार हुनु, कामहरूलाई राम्रो तरिकाले गर्नु, छिमेकीहरूसँग राम्रो व्यवहार गर्नु, गरिबहरूलाई मद्दत गर्नु, जनावरहरूसँग पनि राम्रो व्यवहार गर्नु र दयालु हुनु, इत्यादि।
- असल नैतिकता: जस्तै- सत्य बोल्नु, विश्वासघात नगर्नु, अमानतको रक्षा गर्नु, वाचा पूरा गर्नु, कसैसँग भेटघाट गर्दा मुस्कुराएर गर्नु, मीठो वचन बोल्नु, लज्जा राख्नु, गलत कार्यहरूबाट बच्नु इत्यादि।

मुस्लिमले आफ्नो सबै अवस्थामा अल्लाहको इबादत गर्दछ; मस्जिदमा, घरमा, काममा र हरेक ठाउँमा अल्लाहको इबादत गर्दछ। उसको सम्पूर्ण जीवन अल्लाहको लागि नै हो। यसै सम्बन्धमा अल्लाह तआलाले भन्नुभएको छ: हे नबी ! तपाईंले भन्नुहोस्: मेरो नमाज, मेरो कुर्बानी अर्थात् बलिदान, अनि मेरो जीवन र मेरो मृत्यु सम्पूर्ण ब्रह्माण्डका प्रतिपालक अल्लाहकै लागि हो। (सूरतुल्-अन्आमः ६/ १६२)




1
39
STREET 131 شارع



## तेस्रो प्रश्नः

## तपाईंको नबी को हुनुहुन्छ ?

**उत्तर- मेरो नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम हुनुहुन्छ ।**

हाम्रो नबी मुहम्मद हुनुहुन्छ । उहाँको बुवाको नाम अब्दुल्लाह, बाजेको नाम अब्दुल् मुत्तलिब र जिजु बाजेको नाम हाशिम थियो । उहाँ अल्लाहको नबी इब्राहीम अलैहिस्सलामका छोरा इस्माईल अलैहिस्सलामको वंशबाट हुनुहुन्छ ।

जब मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम चालीस वर्षको हुनुभयो तब अल्लाहले उहाँलाई आफ्नो नबी चुन्नुभयो र उहाँमाथि कुर्आन अवतरण गर्नुभयो । उहाँले मानिसहरूलाई एकेश्वरवाद (तौहीद) तथा इस्लाम धर्मतिर निमन्त्रण दिनुभयो । निमन्त्रण गर्ने क्रममा मानिसहरूले उहाँलाई धेरै सताए र दुःख दिए, अनि उहाँका साथीहरूलाई पनि धेरै यातना दिए र केहीलाई शहीद पनि गरे । १३ वर्षसम्म मक्कामा एकेश्वरवादको निमन्त्रणपछि उहाँ यसरिब (पछि यसलाई नबीको मदीना नामाकरण गरियो) तिर हिजरत (प्रवास) गर्नुभयो । त्यहाँ गएपछि उहाँले इस्लामी राज्य स्थापना गर्नुभयो र इस्लामी समाजको स्थापना गर्नुभयो । त्यहाँ १० वर्षसम्म उहाँले मानिसहरूलाई सत्य धर्म इस्लामतर्फ निमन्त्रण दिनुभयो, सही मार्गदर्शन र सत्य धर्मको शिक्षा दिनुभयो । यसरी इस्लामी शरीअत अर्थात् विधान पुरा भयो र इस्लाम धर्म पूर्ण भयो । यसै सम्बन्धमा अल्लाह तआलाले भन्नुभएको छः



"आज मैले तिमीहरूका लागि तिमीहरूको धर्मलाई पुरा गरे अनि तिमीहरूमाथि आफ्नो वरदानलाई पनि पुरा गरे र तिमीहरूका लागि इस्लामलाई धर्म तथा जीवन व्यवस्थाको रूपमा चुने ।" (सूरतुल्-मायदाः ५/ ३)

त्यसपछि मानिसहरू आफ्नो मर्जीले इस्लाममा धमाधम प्रवेश गर्न थाले। यो देखेर उहाँ सल्लल्लाहु अलैहि वसल्लम धेरै खुसी हुनुभयो। अन्ततः उहाँको देहान्त भयो। अल्लाह तआलाले भन्नुभएको छः "जब अल्लाहको सहायता र विजय प्राप्त हुन्छ, अनि तिमीले एकसाथ समूह समूहमा मानिसहरू अल्लाहको धर्म इस्लाममा प्रवेश गरेको देख्छौ, त आफ्नो प्रतिपालकको प्रशंसाका साथ गुणगान गर र उहाँसित क्षमायाचना गर, निस्सन्देह उहाँले क्षमायाचना स्वीकार गर्नुहुन्छ ।" (सूरतुन्-नस्रः ११०/ १-३)

## दयावान् नबी

हाम्रो नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम रहमत (दया) का नबी हुनुहुन्छ। उहाँको सम्पूर्ण जीवन तथा जीवनका सबै चरण र अवस्थाहरूमा दया कहिल्यै अलग भएन। अल्लाह तआलाले भन्नुभएको छः (हे मुहम्मद !) हामीले तपाईंलाई संसारका लागि सर्वथा रहमत (दया) को प्रतीक बनाएर पठाएका छौं । (सूरतुल्-अम्बिया: २१/ १०७)

उहाँको रहमतमध्ये एउटा यो थियो कि उहाँ मानिसहरूलाई मार्गदर्शन गर्न र तिनीहरूलाई कुफ्र, अवज्ञा, अज्ञानता र भ्रमको अन्धकारबाट निकालेर ईमान, ज्ञान र मार्गदर्शनको ज्योतिमा ल्याउन अत्यन्त उत्सुक र चिन्तित हुनुहुन्थ्यो। जब उहाँको समुदायले उहाँको कुरालाई विश्वास गरेन तथा उहाँमाथि ईमान ल्याएन, तब उहाँले तिनीहरूको अवज्ञा र अविश्वासको कारण चिन्ता र अपसोचले आफ्नो ज्यान नै जोखिममा पार्न लाग्नुभयो। यस कुरालाई स्पष्ट पार्दै अल्लाह तआलाले भन्नुभएको छः "हे नबी ! यदि यिनीहरूले तपाईंले दिएको सन्देशमा ईमान ल्याएनन् तथा तपाईंमाथि विश्वास गरेनन् भने के तपाईं यिनीहरूको पछाडी दुःखी भई आफैलाई समाप्त गर्नुहुन्छ ?" (सूरतुल्-कहफः १८/ ६)



यसैगरी, उहाँको दयाको अर्थ तथा रूप मोमिन (आस्थावान्) हरूप्रतिको उत्सुकता र तिनीहरूप्रतिको दयामा देखिन्छन् । अल्लाह तआलाले भन्नुभएको छ: "(हे मानिसहरू हो !) तिमीहरूको माझमा तिमीहरू मध्येबाटै एउटा नबी आएका छन् । उनी तिम्रो पीडामा दुःखी हुन्छन् र तिम्रो भलाइको निम्ति चिन्तित रहन्छन्, अनि ईमानवालाहरूलाई निकै मायाँ गर्ने र दयालु छन् ।" (सूरतुत्-तौबाः ९/ १२८)

त्यसैगरी धर्मलाई सहज बनाउन अनि आफ्नो उम्मत तथा समुदायका अनुयायीहरूलाई कठिन लाग्ने र गर्न नसक्ने काम कुराको बोझ नबोकाउन उहाँको उत्सुकतामा पनि रहमत (दया) प्रकट हुन्छ । उहाँ सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ: "धर्ममा कामहरूलाई सहज बनाऊ, कठिन नबनाऊ, अनि खुसीको खबर सुनाऊ, डर पैदा गरेर धर्मप्रति घृणा पैदा नगर ।" (मुस्लिमः १७३२)

नबी करीम सल्लल्लाहु अलैहि वसल्लमको हृदय रहमत (दया) ले भरिएको थियो, त्यसैले उहाँ महिला र बच्चाहरूसँगको व्यवहारमा सबैभन्दा दयालु हुनुहुन्थ्यो । उहाँका साथीहरू मध्येका एक साथी अनस बिन् मालिक रजियल्लाहु अन्हुले भन्नुभएको छ: "मैले अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमभन्दा बढी परिवार र बच्चाहरूमाथि दया गर्ने कोही देखेको छैन ।" (मुस्लिमः २३१६)

उहाँ सल्लल्लाहु अलैहि वसल्लमको दया मानव जातिमा मात्र सीमित थिएन, बरु जनावरहरूसम्म पनि पुगेको थियो । उहाँले तिनीहरूसँग राम्रो व्यवहार गर्न आह्वान गर्नुभयो र तिनीहरूलाई हानि पुऱ्याउन मनाही गर्नुभयो । उहाँले आफ्ना साथीहरूलाई बताउनुभयो कि एउटी वेश्या महिलाले एउटा तिर्खाएको कुकुरलाई पानी खुवाउँदा अल्लाहले उनलाई क्षमा गर्नुभयो र जन्नतमा प्रवेश गराउनुभयो भने अर्की महिलाले बिरालोलाई थुनेर राखिन्, खाना पानी दिइनन् अनि त्यो बिरालो भोक प्यासले मर्यो; जसको कारण अल्लाहले उनलाई जहन्नम (नर्क) मा हाल्नुभयो ।

## उहाँको सन्देश सबै मानिसहरूका लागि हो:

पहिलेका नबीहरू र रसूलहरू (उहाँहरू सबैमाथि अल्लाहको तर्फबाट शान्ति र सलामति होस्) लाई अल्लाह तआलाले उहाँहरूको आफ्नै समुदायका लागि पठाउनुभएको थियो, तर नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम सबै मानव जातिका लागि पठाइनुभएको हो र उहाँको सन्देश सबै ठाउँ र समुदायका मानवहरूको लागि हो । यसै सम्बन्धमा अल्लाह तआलाले भन्नुभएको छ:

(हे मुहम्मद!) हामीले तपाईंलाई सम्पूर्ण मानवजातिका लागि शुभसूचना दिने र सावधान गर्नेवाला बनएर पठाएका छौं । (सूरतु सबा: ३४ /२८) अर्को ठाउँमा अल्लाह तआलाले भन्नुभएको छ: (हे मुहम्मद !) भन्नुहोस्: हे मानिसहरू ! म तिमीहरू सबैका लागि अल्लाहको तर्फबाट पठाइएको रसूल हुँ । (सूरतुल्-आराफ: ७/ १५८)

नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: हरेक नबी आफ्नै समुदायको लागि खास गरेर पठाइएका थिए, तर म सम्पूर्ण मानव जातिका लागि नबी बनाएर पठाइएको हुँ । (बुखारी: ३३५)

त्यसैले उहाँ सल्लल्लाहु अलैहि वसल्लमको आगमनदेखि कयामतको दिनसम्म प्रत्येक व्यक्तिले उहाँको अनुसरण गर्नु, उहाँले ल्याएको कुरालाई सत्य मान्नु र उहाँले ल्याएको धर्मलाई स्वीकार गर्नु अनिवार्य छ । अल्लाहले उहाँबाट आकाशीय सन्देशहरूको सिलसिलालाई पूर्ण गर्नुभयो र उहाँको आज्ञापालनलाई अनिवार्य गर्नुभयो । जसले उहाँको आज्ञापालन गर्छ, ऊ यस संसारमा सुखी हुनेछ र मृत्यु पश्चातको जीवनमा जन्नत (स्वर्ग) मा प्रवेश गर्नेछ, अनि जसले उहाँको अवज्ञा गर्छ, ऊ यस संसारमा दुखी हुनेछ र मृत्यु पश्चातको जीवनमा पनि दुखदायी यातना भएको जहन्नम (नर्क) मा प्रवेश गर्नेछ । यसै सम्बन्धमा अल्लाह तआलाले भन्नुभएको छ: जसले मेरो मार्गदर्शनको अनुसरण गर्छ, ऊ नत भ्रमित हुनेछ, न दुःख कष्टमा पर्नेछ । अनि जसले मेरो स्मरणबाट मुख फर्काउँछ, उसको लागि जिन्दगी साँघुरो र कष्टकर हुनेछ, अनि हामीले उसलाई कयामतको दिन अन्धो बनाएर उठाउनेछौं । (सूरतु ताहा: २०/ १२३-१२४)





## घरमा र आफ्नो परिवारसँग नबी सल्लल्लाहु अलैहि वसल्लम:

मानिसको घर एउटा यस्तो ठाउँ हो जसले उसको असल आचरण, पूर्ण शिष्टता र असल व्यवहारलाई दर्साउँछ। जब व्यक्ति आफ्नो पत्नी, छोराछोरी वा नोकरसँग हुन्छ, तब उसले बिना बनावटको आफ्नो स्वभाव अनुसार व्यवहार गर्दछ।

मुस्लिम समुदायका रसूल, मार्गदर्शक, प्रतिनिधि एवम् शिक्षक मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको घरायसी मामिला तथा अवस्थालाई विचार गर्ने हो भने, उहाँले आफ्नो घरमा, आफ्नो परिवार र आफ्ना छोराछोरीहरूसँग एक सज्जन तथा महान् पुरुष कस्तो हुनुपर्छ भन्ने सुन्दर उदाहरण प्रस्तुत गर्नुभएको पाइन्छ।

नबी सल्लल्लाहु अलैहि वसल्लमकी पत्नी आयशा रजियल्लाहु अन्हालाई सोधियो: नबी सल्लल्लाहु अलैहि वसल्लम घरमा के गर्नुहुन्थ्यो ? उहाँले भन्नुभयो: "उहाँ आफ्नो घरको काममा अर्थात् परिवारलाई काममा सघाउन र सेवा गर्नमा व्यस्त हुनुहुन्थ्यो। जब नमाजको समय हुन्थ्यो, तब नमाजको लागि निस्कनुहुन्थ्यो।" (बुखारी: ६७६)

नबी सल्लल्लाहु अलैहि वसल्लम आफ्नो परिवार र पत्नीहरूका लागि सबैभन्दा असल व्यक्ति हुनुहुन्थ्यो। उहाँ असल व्यवहार, नम्रता र आफ्नो पत्नीको भावनात्मक एवम् मनोवैज्ञानिक इच्छाहरूलाई बुझ्ने सन्दर्भमा अद्भुत उदाहरणहरू प्रस्तुत गर्नुहुन्थ्यो, अनि उहाँले खुसी पार्ने र आनन्दित तुल्याउने अवसरहरूको सदुपयोग गर्नुहुन्थ्यो। आयशा रजियल्लाहु अन्हाले भन्नुभएको छ: "मैले एकदिन अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई मेरो कोठाको ढोकामा उभिएको देखें, (यसो हेरेको) केही हब्शीहरू मस्जिदमा खेलिरहेका थिए। (उहाँको छेउमै उभिएर मैले पनि हेर्न थाले) त अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले मलाई आफ्नो चादरले ढाक्नुभयो, अनि मैले उनीहरूको खेल हेरिरहे।" (बुखारी: ४५४, मुस्लिम: ८९२)



अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले आफ्ना छोरीहरूलाई धेरै माया गर्नुहुन्थ्यो र उनीहरूको सम्मान गर्नुहुन्थ्यो । जब उहाँकी छोरी फातिमा रजियल्लाहु अन्हा उहाँकहाँ आउनुहुन्थ्यो, त उहाँले उठेर छोरीलाई चुम्नुहुन्थ्यो र आफू बसेको ठाउँमा बसाउनुहुन्थ्यो र उहाँ आफ्ना छोरीहरूलाई भेट्न जानुहुन्थ्यो र उनीहरूको अवस्थाको ख्याल राख्नुहुन्थ्यो ।

महिलाहरूको मामिलामा आफ्नो उम्मत (समुदाय) लाई उहाँ सल्लल्लाहु अलैहि वसल्लमले गरेका वसियतहरूमध्ये एउटा यो पनि हो: “महिलाहरूसँग राम्रो व्यवहार गर ।” (बुखारी: ५१८६, मुस्लिम: १४६८)



## नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमका केही उत्कृष्ट आचरणहरू:

नबी सल्लल्लाहु अलैहि वसल्लम मानिसहरूमध्ये सबैभन्दा उत्तम आचरण भएका र सबैभन्दा असल आदाब भएका हुनुहुन्थ्यो। अल्लाह तआलाले उहाँको बारेमा भन्नुभएको छ: "निश्चय नै तपाईं उच्च दर्जाको आचरणमा हुनुहुन्छ।" (सूरतुल् कलमः ६८/४)

उहाँको आचरणमा यस्तो पूर्णता थियो जुन पूर्णता अरू कसैले पाउन सकेन। उहाँ हरेक किसिमका कमीबाट सुरक्षित हुनुहुन्थ्यो र हरेक किसिमका सद्गुणमा पूर्णता हासिल गर्नुभएको थियो। उहाँको आचरण पवित्र कुर्आन अनुसार थियो, उहाँ आफैं त्यसबाट प्रभावित हुनुहुन्थ्यो र अरूलाई पनि त्यसैको शिक्षा दिनुहुन्थ्यो। उहाँका केही आचरणहरू यस प्रकार छन्:

- उहाँ मानिसहरूमध्ये सबैभन्दा विवेकशील तथा सहनशील, सबैभन्दा न्यायपूर्ण, सबैभन्दा पवित्र, सबैभन्दा उदार र सबैभन्दा सम्मानित हुनुहुन्थ्यो।
- उहाँ मानिसहरूमा सबैभन्दा लजालु हुनुहुन्थ्यो।
- उहाँ मानिसहरूमा सबैभन्दा विनम्र हुनुहुन्थ्यो, जोसुकैले बोलाए पनि जवाफ दिनुहुन्थ्यो, निम्तो स्वीकार गर्नुहुन्थ्यो र थोरै भए पनि उपहार स्वीकार गर्नुहुन्थ्यो अनि त्यसको बदला दिनुहुन्थ्यो।
- उहाँ बिरामीहरूलाई भेट्न जानुहुन्थ्यो, जनाजामा सहभागी हुनुहुन्थ्यो, गरिबहरूसँग बस्नुहुन्थ्यो, गरिबहरूलाई खुवाउनुहुन्थ्यो, उत्कृष्ट आचरण भएकाहरूलाई सम्मान गर्नुहुन्थ्यो, अनि प्रतिष्ठित व्यक्तिहरूसँग घुलमिल गर्नुहुन्थ्यो र साथी बनाउनुहुन्थ्यो।
- उहाँको पासमा कुनै समस्या वा आवश्यकताले जो कोही आए पनि उहाँले उसको आवश्यकता पूरा नगरी छोड्नु हुन्नथ्यो। उहाँ कठोर र रूखो हुनुहुन्नथ्यो, उहाँले खराबको बदला खराबले कहिल्यै दिनुहुन्नथ्यो, बरु माफ गर्नुहुन्थ्यो र छोडिदिनुहुन्थ्यो। तर जब अल्लाहका आदेशहरू र निषेधहरू उल्लङ्घन हुन्थे तब उहाँ आफ्नो लागि होइन, अल्लाहको लागि क्रोधित हुनुहुन्थ्यो।
- उहाँको आचरणमा यो पनि थियो कि उहाँले कसैलाई भेट्दा पहिले सलाम गर्नुहुन्थ्यो, अनि जब उहाँ आफ्ना कुनै साथीलाई भेट्नुहुन्थ्यो त उहाँले हात मिलाउनुहुन्थ्यो।



- उहाँले आफ्नो छेउमा बस्नेलाई पूरा ध्यान दिँदै आफ्नो अनुहार, आफ्नो ध्यान र आफ्नो कुराकानीको पूरा हिस्सा दिनुहुन्थ्यो, अनि आफ्ना सुन्दर निर्देशन तथा उपदेशहरू दिनुहुन्थ्यो।
- उहाँ मानिसहरूमध्ये सबैभन्दा दयालु, सबैभन्दा असल र मानिसहरूका लागि सबैभन्दा उपयोगी हुनुहुन्थ्यो ।
- उहाँ हाँस्नुहुन्थ्यो र ठट्टा मजाक पनि गर्नुहुन्थ्यो तर कहिल्यै पनि अनुचित कुरा र झूट बोल्नुहुन्नथ्यो। उहाँ धेरै मुस्कुराउनु हुन्थ्यो, बिना आवाजको मुसुक्क हाँस्नुहुन्थ्यो। आफ्नी पत्नीहरूसँग दौड्को बाजी लगाउनुहुन्थ्यो र उहाँहरूसँग मजाक गर्नुहुन्थ्यो ।
- उहाँले खानामा जे उपलब्ध हुन्थ्यो त्यही खानुहुन्थ्यो, अनि केही उपलब्ध हुँदैनथ्यो भने त्यसको बारेमा गुनासो गर्नुहुन्नथ्यो। उहाँले कहिल्यै खानाको आलोचना गर्नुभएन त्यसमा कमीकमजोरी निकाल्नुभएन । यदि खजुर पाउनुहुन्थ्यो भने खुसी भएर खानुहुन्थ्यो, मासु पाउनुहुन्थ्यो भने पनि खुसी भएर खानुहुन्थ्यो, गहुँ वा जौको रोटी पाउनुहुन्थ्यो भने पनि खुसी भएर खानुहुन्थ्यो, मिठाई वा मह पाउनुहुन्थ्यो भने पनि खुसी भएर खानुहुन्थ्यो, यदि रोटी बिना दूध मात्र पाउनुहुन्थ्यो भने त्यसमा चित्त बुझाउनुहुन्थ्यो र यदि खरबुजा वा ताजा खजुर पाउनुहुन्थ्यो भने पनि खुसी भएर खानुहुन्थ्यो।
- उहाँले लुगाहरूमा लगाउनको लागि जे उपलब्ध हुन्थ्यो त्यही लगाउनुहुन्थ्यो। कहिले शमला (एक किसिमको ढिलो लुगा) लगाउनुहुन्थ्यो, कहिले ऊनको जुब्बा, जुनसुकै पनि वैध र लगाउन मिल्ने लुगा उपलब्ध हुन्थ्यो लगाउनुहुन्थ्यो।
- उहाँ सवारी साधनको रूपमा जे उपलब्ध हुन्थ्यो त्यसमा चढ्नुहुन्थ्यो। कहिले घोडा, कहिले ऊँट, कहिले खच्चर, कहिले गधामा चढ्नुहुन्थ्यो भने कहिले पैदल पनि हिँड्नुहुन्थ्यो।
- उहाँले आफ्नो अमुल्य समयलाई अल्लाहको काममा वा आफ्नो आत्मिक सुधार र आफ्नो परिवारको सुधारको लागि आवश्यक कुराहरूमा मात्र बिताउनुहुन्थ्यो।

यसका अतिरिक्त उहाँका अन्य धेरै उत्कृष्ट आचरणहरू र असल व्यवहारहरू थिए। उहाँमाथि सधैँ अल्लाहको दया, कृपा र शान्ति अवतरण भइरहोस्।



# निष्कर्ष



इस्लाम एउटा महान् धर्म तथा परिपूर्ण जीवन व्यवस्था हो । यसले आफ्नो शिक्षालाई पालन गर्ने मुस्लिम व्यक्तिलाई संसारमा आराम, असल जीवन, असल अवस्था अनि आखिरत (परलोक) मा स्थायी आनन्द र अनन्त सुख प्रदान गर्दछ । त्यसैगरी, यसले आफ्नो शिक्षालाई पालन गर्ने मुस्लिम समाजलाई उन्नति, प्रगति, समृद्धि, विकास, सामाजिक एकता, सुरक्षा र शान्ति प्रदान गर्दछ ।

हे इस्लाम धर्म स्वीकार गरेका तथा सही मार्गदर्शन पाएका व्यक्ति ! तपाईंलाई यो ठूलो नेअमत (वरदान) को शुभकामना छ। यसको अकीदा (आस्था), शरिअत (कानुन), शिक्षा, नियमहरू, आचरण र आदाब (शिष्टाचार) सिक्नुहोस् र यी कुराहरूलाई सकेसम्म आफ्नो जीवनमा लागु गर्नुहोस्, अनि आफ्नो जीवनका सबै पक्षहरूमा सकेसम्म प्रतिबद्ध रहनुहोस्। इस्लामले कसरी एक असल व्यक्ति बनाउँछ भन्ने कुराको प्रभाव स्वयम् तपाईंले आफूमाथि देख्नुहुनेछ । यसले तपाईंको आत्मालाई आनन्दित तुल्याउनेछ र तपाईंको वरिपरिका अन्यलाई पनि आनन्दित तुल्याउनेछ । यसले तपाईंका आमाबुवा, पत्नी, छोराछोरी, आफन्त, छिमेकी, साथीहरू र मुस्लिमसँग सम्पर्कमा रहने सबैलाई यस धर्ममा प्रवेश गरेर अल्लाहसम्म पुग्ने बाटोमा हिंड्ने अवसर प्रदान गरेको छ।

यो पुस्तिका तपाईंको लागि धर्मका नियमहरू सिक्ने बाटोको सुरुवात हो । यसपछि तपाईंले उपयोगी ज्ञान हासिल गर्न, असल कर्महरू गर्न, आफ्नो आत्मालाई शुद्ध पार्न र हृदयलाई सुधार गर्न प्रयास गर्नुपर्छ। जति-जति तपाईंमा इस्लामको ज्ञान बढ्छ र सिकेको कुरामा अमल बढ्छ, त्यति नै तपाईं आफ्नो रब (प्रतिपालक) को नजिक हुनुहुन्छ। त्यसैले पवित्र कुर्आनलाई पढ्ने, सिक्ने र त्यसका आयतहरूमा मनन गर्ने गर्नुहोस्, अनि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको जीवनी र सुन्नतको पनि अध्ययन गर्नुहोस्। उहाँ तपाईंको लागि नमुना तथा उदाहरण हुनुहुन्छ, यस जीवनमा सही मार्गदर्शन र प्रकाश पाउन तपाईंले उहाँको अनुसरण गर्नैपर्छ। उहाँ नै हुनुहुन्छ जसको बारेमा अल्लाह तआलाले भन्नुभएको छः "उहाँले जे आदेश दिनुहुन्छ त्यसलाई स्वीकार गर।" तर अन्य मानिसहरू, जतिसुकै महान् र उच्च स्थानमा पुगेका भएपनि, तिनीहरूको कुरा कुर्आन र सुन्नतसँग मेल खाएमा मात्र स्वीकार गरिन्छ, यदि तिनीहरूको कुरा कुर्आन र सुन्नतको विपरीत छ भने कदापि स्वीकार गरिँदैन। धर्मको मामिलामा अनावश्यक झगडा गर्नबाट बच्नुहोस्, अनि आफ्ना मुस्लिम भाइहरूसँग व्यर्थको बहस, मतभेद र विवादबाट गर्नबाट टाढा रहनुहोस्।

हामी अल्लाहसँग हाम्रो र तपाईंको लागि यस धर्ममा सफलता र स्थिरताको लागि प्रार्थना गर्दछौं, साथै हामी कामना गर्दछौं कि यस संसारबाट बिदा हुँदा र अल्लाह समक्ष उपस्थित हुँदा अल्लाहलाई राजी गर्न सकौं। सम्पूर्ण प्रशंसाहरू सर्वलोकका प्रतिपालक तथा मालिक अल्लाहको लागि नै छन्, अनि दरूद, सलामति र अपार कृपा होस् हाम्रो नबी मुहम्मद, उहाँका परिवार र उहाँका सबै साथीहरूमाथि एवम् कयामतको दिनसम्म उहाँको अनुसरण गर्ने सम्पूर्ण उहाँका अनुयायीहरूमाथि पनि।

مركز أصول

OsoulCenter
www.osoulcenter.com

CHAT & DECIDE

विभिन्न भाषाहरूमा इस्लामको
बारेमा छलफल गर्नुहोस्

GUIDE TO ISLAM

इस्लामको बारेमा अधिक
जानकारीको लागि

Nepali - النيبالية

जसले इस्लाम धर्म स्वीकार गर्छ र त्यसलाई राम्रोसँग पालना गर्छ, उसले प्रकाश एवम् सही मार्गदर्शनको अनुसरण गर्छ । त्यो मार्ग अत्यन्त सीधा र स्पष्ट छ । त्यो मार्गले उसलाई उसको सृष्टिकर्ता तथा जीवनदाता अल्लाहसम्म पुर्याउँछ ।

इस्लामले यस संसारमा मानवको कल्याण र उसको लागि शान्ति एवम् समृद्धिको व्यवस्था ल्याएको छ । यसको साथसाथै मृत्युपछिको पारलौकिक जीवनमा उसको लागि खुसी र सफलताको ग्यारेन्टी प्रदान गर्दछ । परलोकमा जब अल्लाहले उसलाई स्वर्गमा प्रवेश गराउनुहुनेछ, तब उसले त्यहाँ सधैँ बाँकी रहने उहाँका वरदानहरूको आनन्द उठाउनेछ ।

संसार र परलोकको भलाइ प्राप्त गर्नका लागि हरेक मानिसले सत्य धर्म तथा सही मार्गको खोजी गर्नुपर्छ, त्यो सत्य धर्म इस्लाम नै हो । उसले यसको बारेमा सिक्नुपर्छ, जान्नुपर्छ र विश्वास गर्दै यसका नियमहरूको पालना गर्नुपर्छ । ताकि उसले सांसारिक र पारलौकिक भलाइहरू प्राप्त गर्न सकोस् ।


osoulcenter

www.osoulcontent.org.sa

उसूल स्टोर (Osoulstore) मार्फत यो पुस्तक र अन्य पुस्तकहरू डाउनलोड गर्नको लागि :

osoulstore.com